संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -४८

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*
*बैठक स्थगित : १:३५ बजे*

२०७९ भदौ १२, आइतबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **अठ्चालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:०१** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त पत्रको ब्यहोरा देहाय बमोजिम जानकारी गराउनुभयो ।

" संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरू थान २ (दुई) यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/५/५ |
| २. | ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/५/५ |

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/५/५ "

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता पठाइएको नागरिकता विधेयकका सम्बन्धमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रको ब्यहोरा सभा समक्ष जानकारी गराउन समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त बेहोरा जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट देहाय बमोजिमका मन्त्रिपरिषद् सदस्यहरूको कार्यभार तोकिएको सम्बन्धी प्राप्त पत्रहरूको ब्यहोरा जानकारी गराउनुभयो:

"माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्का जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुने

प्रतिनिधिमण्डलको नेतृत्व गरी मिति २०७९ साउन २४ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने गरी तोक्नुभएको ब्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७९/४/२५

माननीय खानेपानी मन्त्री उमाकान्त चौधरी संयुक्त राज्य अमेरिकाको एटलान्टामा हुने "वेस्टवाटर-बेस्ड एपिडिमियोलजी सरभेइलेन्स फर सार्स कोभ-टू" कार्यक्रममा सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गरी मिति २०७९ साउन २८ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने गरी तोक्नुभएको ब्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७९/४/२९

माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाल फिनल्याण्डमा हुने उच्चस्तरीय अध्ययन भ्रमणमा सहभागी हुन मिति २०७९ साउन २५ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री जनार्दन शर्माले सम्हाल्ने गरी तोक्नुभएको ब्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७९/४/३०"

तदुपरान्त सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधिसभामा उत्पत्ति भई सो सभाबाट पारित भएका "बीमा विधेयक, २०७५", "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६", "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" सम्बन्धी प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरू र राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाइएको "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६" लाई प्रतिनिधि सभाले संशोधन सहित फिर्ता पठाएको सन्देश सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त सन्देशहरू टेबुल गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई "शपथ सम्बन्धी विधेयक, २०७८", "तथ्याङ्क विधेयक, २०७६", "स्टाण्डर्ड नाप र तौल (पाँचौ संशोधन) विधेयक, २०७६ र "प्रत्यायन विधेयक, २०७६" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराउन समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त सन्देशहरू जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएको "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा

प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराउन समय उपलब्ध गराउनुभएपश्चात राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त सन्देशको जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले प्रस्तुत गर्नुभएको " योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा उक्त छलफलमा कुनै पनि माननीय सदस्यले भाग लिनु भएन ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **सोही दिन ९ मिनेटपछि** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव